## रतुवामाई नगरपालिकाको मिति : २०७५/०३/१० गतेको चौथो नगरसभामा नगर उपप्रमुख श्री दयन्त देवी चुडालज्यूले प्रस्तुत गर्नु भएको वार्षिक नीति तथा कार्यक्रम

## मन्तव्य :

**रतुवमाई नगरपालिकाको यस गरिमामय चौथो नगरसभाका अध्यक्ष एवं नगर प्रमुख ज्यू ,**
**नगरसभाका सदस्यज्यूहरु ,**
**नगरपालिकाका कर्मचारीहरु ।**

मोरङ जिल्लाको विकासमा थुप्रै सम्भावनाहरु बोकेर एक समृद्ध नगरको विकासको पथमा लम्कीरहेको यस नगरपालिकाको दोश्रो वार्षिक वजेट तथा चौथो नगरसभामा आ.ब. ०७५/०७६ को बजेट, नीति, कार्यक्रम यहाँहरु माझ प्रस्तुत गर्न पाउंदा अत्यन्तै गौरवान्वित महसुस भएको छ । जनताले आफ्नो सरोकारको विषयमा आफैं निर्णय गर्न पाउने आजको अवस्थाको सिर्जना गर्न महान् शहिदहरुको अमूल्य योगदान रहेकोले यस महत्वपूर्ण दिनमा म विभिन्न समयमा देशको राजनीतिक तथा सामाजिक परिवर्तनको लागि आफ्नो अमुल्य जीवन आहुती दिनु हुने महान् शहिदहरूको सम्झना गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

सवै स्थानीयतहहरुमा आ–आपनै समस्या, चुनौती ,जोखिम र अवसरहरु रहेको हुन्छ । रतुवामाइ नगरपालिका यसको अपवाद हुन सक्दैन । हामीले विभिन्न समस्या र चुनौतिको वावजुत जनतालाइ केन्द्र विन्दुमा राखेर सासन संचालन गर्नुपर्छ भन्ने मान्यतालाइ आत्मसाथ गर्दै नगरवासीको उन्नती प्रगती र समृदी हासील गर्ने दिशामा वजेट नीति र कार्यक्रम केन्द्रीत गरेका छौ । यस नगरपालिका भित्रका अवसरहरुलाइ सिमित स्रोत साधनको प्रयोग गर्दै आर्थिक सामाजिक प्रगति हासिल गर्ने दिशामा हामी सदैव तत्पर रहने छौ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु :**

अब म यस नगरपालिकाले चालु आ.ब. ०७५/०७६ को लागि लिईने नीति तथा कार्यक्रमहरु बुँदागत रुपमा यहाँहरु माझ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. सडक यातायात, तटबन्धन तथा अन्य भौतिक पूर्वाधार तर्फ :**

- नगर क्षेत्र भित्रका प्रमुख सडकहरुलाई मर्मत सम्भार गरि बाह्रै महिना यातायात संचालन हुने बनाउन प्राथमिकता दिईने छ । सडक निर्माण तथा मर्मतको लागि अन्य सरोकारवाला निकायहरुसंग आवश्यक समन्वय गर्नुका साथै मर्मत सम्भार कोषको व्यवस्था गरि मर्मत सम्भार कार्यलाई अझ व्यवस्थित बनाईने छ ।
- यस नगरपालिकाको विभिन्न स्थानलाई जोड्नको लागि रतुवामाई रिङरोड परियोजनालाई निरन्तरता दिनको लागि रकम विनियोजन गरिएको छ ।
- एकिकृत नगर विकास योजना निर्माणको लागि रकम व्यवस्था गरिएको छ । सो योजनामा सडक क्षेत्रको नगर यातायात गुरुयोजनाले निर्दिष्ट गरे बमोजिम प्राथमिकता प्राप्त सडकहरुको स्तरोन्नती र कालोपत्रे गर्दै लगिनेछ ।

- नगरपालिका क्षेत्रमा सडक कालो पत्रे गर्ने, ड्रेन निर्माण गर्ने जस्ता कार्यमा उपभोक्ता र नगरपालिकाको नगद लागत सहभागिताका आधारमा कार्यसम्पादन गर्ने नीति लिईनेछ । उपभोक्ता समितिको लागत सहभागितामा संचालन हुने आयोजनाहरुमा उपभोक्ताले व्यहोर्नु पर्ने दायित्व नगरपालिकाको बैंक खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ । योजनाको कार्य सम्पादनको प्रगतिको आधारमा भुक्तानी दिने र शुन्य पेश्की प्रणालीलाई निरन्तरता दिईनेछ ।
- भौतिक विकासका कार्यलाई बालमैत्री, अपाङ्गमैत्री,वातावरण मैत्री तवरवाट संचालन गरिनेछ ।
- रतुवा र बकाहा नदीको दुबै किनारामा उत्तरी सीमाना देखि दक्षिण भारतको सीमाना सम्मनै विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको सहयोगमा बृक्षारोपण गरी Green Belt को रुपमा विकास गर्ने कार्यको पहल गरिनेछ ।
- नगरस्तरीय परियोजना बैंक (PROJECT BANK) तयार गर्ने कार्यको थालनी गरिनेछ ।
- नगर क्षेत्र भित्र संचालित योजना सम्पन्न भइ भुक्तानी गर्दा मर्मत सम्भार कोष प्रयोजनको लागी २ प्रतिसत रकम कट्टा गरिने छ।

## २. विद्युत तर्फ :

- नेपाल विद्युत प्राधिकरणसँगको समन्वय र सहकार्यमा आगामी दुई बर्ष भित्र यस नगरपालिकाको सबै स्थानहरुमा सेवाको गुणस्तर सुधार गर्दै विद्युत सेवा पुऱ्याईनेछ ।
- बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र र अन्य सम्बन्धित निकायहरुसंग समन्वय गरी बैकल्पिक उर्जाको उत्पादन र प्रर्वद्धन कार्यलाई बढवा दिईनेछ ।

## ३. कृषि/पशु सम्बन्धी नीति :

- रतुवामाई नगरपालिको कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गर्ने कार्यलाई सहयोग पुग्ने किसिमका कियाकलापहरु संचालन गर्दै लगिनेछ ।
- कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । सिंचाई, मलखाद, वीउविजनको उपलब्धतामा सुधार गरिनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमलाई सञ्चालनमा ल्याईनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यकम लगायत अन्य कृषिसँग सम्बन्धीत कार्यकमहरुलाई निरन्तरता दिईनेछ ।
- नगर क्षेत्र भित्र रहेका सम्पूर्ण कुलो पैनीहरुलाई सुधार गर्दै वर्षै भरि सिंचाई हुन सक्ने गरि व्यवस्थापन गर्दै लगिनेछ ।
- यस नगर क्षेत्रका नदि किनाराका प्रयोगमा नआएका जमिनहरुमा बगर खेती गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।
- यस नगरका छिमेकी स्थानीय तहहरुको समन्वय र सहकार्यमा शित भण्डार निर्माण गर्न पहल गरिनेछ ।
- पशुपालन व्यवसायलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गर्ने कार्यलाई सहयोग पुग्ने किसिमका कियाकलापहरु संचालन गर्दै लगिनेछ ।
- नगरपालिकाको वस्ती , टोल , वडा सम्म नै कृषि तथा पशु क्षेत्रको प्राविधिक सेवा विस्तार गर्दै लगिनेछ ।

## ४. जलवायू परिवर्तन अनुकुलन तथा वातावरण संरक्षण सम्बन्धि नीतिः

- नगर क्षेत्रमा उपलब्ध खाली जग्गामा बृक्षारोपण गरि वन क्षेत्रको विकासलाई बढवा दिने नीति लिईनेछ ।
- वातावरण तथा जलवायुमैत्री पूर्वाधारको विकासमा जोड दिईनेछ ।

## ५. पर्यटन तथा संस्कृति तर्फ :

- नगर क्षेत्र भित्रका सुनवर्षी पोखरी क्षेत्र, भल्कुवा जंगल क्षेत्र सुनमहारानी पोखरी क्षेत्र, स्व. मदन भण्डारीको घर लगायत सम्भावित पर्यटकीय क्षेत्रहरुको प्रबर्द्धन र विकासको लागि गुरुयोजना निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।
- स्थानीय कला, संस्कृति, भाषा र सम्पदाको संरक्षण र विकासलाई जोड दिईनेछ ।

## ६. शिक्षा तर्फ :

- रतुवामाई नगरपालिका क्षेत्र भित्रको समग्र शिक्षा प्रणालिलाई व्यवस्थित गर्न नियमन गर्ने कार्य गरिनेछ । विद्यालयहरुमा अध्ययन अध्यापनको कार्यको निरन्तर अनुगमन गरी सामुदायिक विद्यालयहरुलाई प्रतिष्पर्धी बनाउँदै शिक्षाको गुणस्तर सुधारमा पर्याप्त ध्यान दिईनेछ ।
- नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठन पाठनको कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरपालिका भित्र रहेका संस्थागत विद्यालयहरुको शुल्क निर्धारणको लागि मापदण्ड बनाई कार्यान्वयनमा ल्याईनेछ ।
- बिद्यालय जाने उमेर पुगेका बालबालिकाहरुलाई विद्यालय सम्म पहुँच पुऱ्याउन संचालन गरिने विद्यालय भर्ना अभियानलाई निरन्तरता दिईनेछ ।
- सिपयूक्त शिक्षाका लागि प्राविधिक तथा ब्यवसायिक शिक्षा प्रणालीमा जोड दिईनेछ ।
- मदरशा तथा गुरुकुल लगायतका धार्मिक विद्यालयहरुलाई समय अनुकुल व्यवस्थापन र सुधार गर्दै लगिनेछ ।

## ७ युवा, खेलकुद तथा स्वरोजगार तर्फ

- नगर क्षेत्र भित्रका युवाहरुलाई स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न उद्यमशिलताको विकास, स्वरोजगार र आय आर्जनमा केन्द्रित तालिम प्रदान गरिनेछ ।
- नगरपालिकामा एउटा रंगशाला निर्माण गर्ने कार्यको थालनी गरिनेछ भनें नगर क्षेत्रमा रहेका खेलमैदानको विकास गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । विभिन्न खेलकुद प्रतियोगिताको लागि नगर स्तरीय टिम बनाउने कार्यको थालनी गरिनेछ । यसै आ.व. मा मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- प्रत्येक वडामा एउटा खेल मैदान, पार्क र बाल उद्यान निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## ८. लक्षित समूह विकास कार्यक्रम

- समाजमा देखिने महिला हिंसा दाईजो प्रथा लगाएतका घटनाहरुलाई कम गर्न विभिन्न स्थानमा केन्द्र बनाई सचेतना कार्यकम संचालन गरिनेछ । स्वास्थ्य संस्थालाई महिलामैत्री बनाउने कार्यको लागि सहयोग गरिनेछ ।

- चेतनाको कमिको कारण विभिन्न सरकारी तथा गैर सरकारी कार्यालय सम्म पहुँच नपुगेका विपन्न महिला, दलित, आदिवासी जनजाति, अपांग, मधेसी, मुस्लिम, बालबालिका लगाएतका वर्गको लागि बिद्यमान ऐन तथा नीति नियम सम्बन्धि अभिमुखिकरण तालिम कार्यक्रम संचालन गरिने छ ।
- जेष्ठ नागरिक एवं बृद्ध बृद्धाहरुका लागि बृद्ध चौतारी निर्माणमा सहयोग गरिने छ । नगर भित्रका जेष्ठ नागरिकका लागि सम्मान कार्यक्रम गरिने छ ।
- अपांगता भएका व्यक्तिहरुको लगत अद्यावधिक गरी सामाजिक सुरक्षाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगर क्षेत्रमा बाल क्लबहरु गठन गरि सशक्त बनाईनेछ । बालमैत्री स्थानीय शासन लागू गरी बालमैत्री नगरपालिका निर्माण गर्ने कार्यको थालनी गरिनेछ
- बालबालिकाहरुको शिक्षाको अधिकार सुनिश्चित गर्न हैसियत कम भएका विद्यालयहरुलाई बालमैत्री कक्षा कोठा तथा शौचालय निर्माण र पुस्तकालय व्यवस्थापनमा सहयोग गरिनेछ ।

## ९. सामाजिक सुरक्षा तथा सामुदायिक विकास तर्फ :

- सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैंक मार्फत वितरण गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई नगरको सम्पत्तिको रुपमा ग्रहण गरी उहाँहरुको अनुभवलाई समाज विकासमा लगाउने वातावरण निर्माण गरिनेछ ।
- बिपत पूर्बको पूर्ब तयारी, बिपद्को समयमा राहत तथा पुनरस्थापना कार्यमा सहयोग गर्न स्थानीय बिपद जोखिम व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने छ । नगरपालिकामा बिपद् व्यवस्थापन कोष खडा गरिएको छ उक्त कोषमा रकम समेत जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।
- विपद् व्यवस्थापनको लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय र सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।
- दाईजो प्रथा, छुवाछुत, जातीय भेदभाव, बोक्सी आरोप जस्ता सामाजिक कुसंस्कार र कुरीतिहरुलाई निरुत्साहित गर्दै लगिनेछ ।

## १०. शहरी सुबिधा व्यवस्थापन तथा गरिबी न्यूनिकरण :

- घर भवन निर्माण मापदण्ड तथा कार्यविधि निर्माण गरी कडाईका साथ लागू गरिनेछ ।
- नगर भित्रका सडकहरु नगरपालिकाले तोकेको मापदण्ड बमोजिम हुने गरी कायम गर्दै लगिनेछ ।
- घरजग्गा व्यवसायीहरुलाई प्रचलित मापदण्डको अधिनमा रही जग्गा एकिकरण तथा जग्गा विकास सम्बन्धि कार्यक्रम संचालन गर्न नगरपालिकाको अनुमति लिनुपर्ने नीति कडाईका साथ लागू गरिने छ ।
- नेपाल सरकारले तयार गरी लागू गरेको वस्तीविकास तथा भवन निर्माण मापदण्ड एवं भवन आचार संहितालाई यस नगरपालिकामा पनि पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
- भवन/घर निमार्ण व्यवसायी/ठेकेदार/डकर्मीहरुलाई प्रदान गरिने भूकम्प प्रतिरोधात्मक भवन निमार्ण तालिमको व्यवस्था गरिनेछ साथै नगरपालिका तथा अन्य निकायहरुबाट तालिम प्राप्त व्यवसायी/ठेकेदारले बाहेक अन्य अदक्ष व्यक्तिले घर भवन निर्माण गर्न नपाउने व्यवस्थालाई लागु गर्दै लगिनेछ ।
- कुनै योजना र दृष्टिकोण विना नै जथाभावी जग्गा प्लटिङ गरी बेच्ने कार्य भईरहेकोले नगरपालिका क्षेत्र भित्र नगरपालिकाको स्वीकृती बेगर कुनै पनि तरिकाले जग्गा प्लटिङ गर्ने तथा बेच बिखन गर्न पाईने छैन ।

नगरपालिकाको स्वीकृती बेगर मापदण्ड बिपरित जथाभाबी प्लटिङ गरी निर्माण गरिएका सडकहरुमा नगरपालिकाबाट पूर्वाधार बिकासमा लगानी नगर्ने नीति लिईने छ ।

- सम्भावित आगलागीका घटनाहरु नियन्त्रणका लागी बारुण यन्त्र (दमकल) प्राप्त गर्नको लागि सम्बन्धित निकायहरुमा प्रस्ताव पठाईनेछ ।
- **"फोहोर गर्नु अधिकारको कुरा होईन, दण्डनीय अपराध हो"** भन्ने कुरालाई समाजमा स्थापित गरी आफुले उत्पादन गरेको फोहोर आफैंले व्यवस्थापन गर्ने परिपाटीको शुरुवात गरिनेछ ।
- यो नगरपालिका खुल्ला दिशामुक्त नगर घोषणा हुने संघारमा पुगेकोले स्वच्छता र सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्वच्छ खानेपानीमा सबैको पहुँच अभिबृद्धि गरिनेछ ।
- नगरपालिका क्षेत्रमा रहेका सरकारी, सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको अभिलेख राखी अतिक्रमण नहुने गरी संरक्षणको व्यवस्था गर्ने कार्यको शुरुवात गरिनेछ ।
- **विपन्न, गरिव, सुकुम्वासीसँग नगरपालिका** भन्ने यस नगरको प्रतिवद्धतालाई ब्यवहारमा उतार्न नगरमा वसोवास गर्ने सुकुम्वासीहरुको लगत संकलन र पहिचान गरि सुकुम्वासी समस्याको स्थायी समाधानका लागि अवश्यक पहलको थालनी गरिनेछ । गरिवसँग विश्वेश्वर कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।
- नगर क्षेत्रमा लाग्दै आएका स्थानीय हटियाहरुको दिगो व्यवस्थापनमा ध्यान दिईनेछ । यसै आ.व. देखि सबै स्थानीय हटियाहरु नगरपालिकाको मातहत ल्याई ठेक्का वन्दोवस्त कार्य गरिनेछ ।
- छाडा चौपायाको व्यवस्थापनको लागि प्रभावकारी कदम चालिनेछ ।

## ११. उद्योग तथा ब्यापार :

- घरेलु तथा साना उद्योगको स्थापना विकास र प्रर्वद्धनमा जोड दिईनेछ ।
- संघीय सरकारको एक स्थानीय तह एक औद्योगिक ग्रामको कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक ब्यवस्था मिलाईनेछ ।
- औद्योगिक क्षेत्रमा बाह्य लगानी बढाउन आवश्यक ब्यवस्था गरिनेछ ।
- ब्यापारको विकास र प्रर्वद्धनका लागि सहकारीको अवधारणालाई प्रर्वद्धन गर्दै लगिनेछ ।
- ब्यापारको विकास र प्रर्वद्धनको लागि पूर्वाधार विकास र वजारीकरणको समुचित ब्यवस्था गरिनेछ ।

## १२. सूचना तथा सञ्चार तर्फ :

- सार्वजनिक सूचनाको प्रवाह, सार्बजनिक सुनुवाई र सार्बजनिक परिक्षण जस्ता कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ ।
- नगरपालिकाको सबै क्षेत्रमा संचार सेवा सहज र भरपर्दो बनाउन नेपाल टेलिकम, एनसेल जस्ता निकायहरुमा आवश्यक पहल गरिनेछ ।
- नगरपालिकाको आवश्यक सूचनाहरु वेभसाईट, फेसबुक पेज मार्फत जनता समक्ष सार्वजनिक गरिनेछ । चालु आ.व. मा सबै वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाईनेछ । ।
- नगरपालिकाको सूचना प्रवाहलाई अझ प्रभावकारी बनाउन स्थानीय छापा तथा विद्युतिय सञ्चार माध्यमहरुसँग समन्वय र सहकार्य गरिनेछ

## १३.साझेदार निकायहरूसँग सहकार्य

- **न**गरपालिकाको विकास, सहरी सौन्दर्य अभिबृद्धि, सडक बत्ति व्यवस्थापन जस्ता कार्यमा स्थानीय उद्योगी व्यवसायिका संघ संस्था तथा त्यस्तै अन्य निकायहरुसंगको साझेदारीलाई प्राथमिकता दिईनेछ। यस कार्यमा उपरोक्त निकायहरुको सहयोग र साझेदारीको अपेक्षा लिएकोछ।

**१४.स्वास्थ्य सम्बन्धी :**

- यस नगरपालिका भित्र कम्तिमा १५ शैयाको अस्पतालको रुपमा विकास गर्न यसै आ.व. मा आवश्यक कार्यको थालनी गरिनेछ । प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरुको क्षमता विकास गरी जनताले स्वास्थ्य संस्थाबाट पाउने सेवा सुविधाको गुणस्तर बृद्धि गर्दै लगिनेछ।
- नेपाल सरकारले नि:शुल्क उपलब्ध गराउने भनी निर्धारण गरेका औषधीहरुको सहज उपलब्धताको लागि आवश्यक व्यवस्था मिलाउदै गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सूनिश्चित गर्ने ब्यवस्था मिलाईनेछ।
- स्वास्थ्य संस्था नभएका वडाहरुमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिनेछ। यस नपा अन्तरगत रहेका सबै स्वास्थ्य संस्थाहरुमा यसै आ.व.वाट ल्याव सेवा सञ्चालन गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

**१५.कर प्रशासन तर्फ :**

- आन्तरिक आय बृद्धि गर्न करका दर र दायराहरुलाई फराकीलो बनाउदै लगिनेछ।
- नगरस्तरीय राजस्व परामर्श समितिबाट प्राप्त सुझावहरुको आधारमा कर प्रणालीलाई बैज्ञानिक र व्यवस्थित बनाईनेछ।
- करका दरहरु सबै सर्वसाधारणले स्पष्ट देख्न सक्ने गरी राजश्व शाखा तथा वडा कार्यालयहरुमा तत्काल राखिनेछ।
- नगर क्षेत्रका ऐलानी तथा पर्ति जग्गामा बसोवास तथा उपभोग गर्ने नगरवासीहरुलाई वहाल विटौरी करको दायरामा ल्याउने नीति कार्यान्वयन गरिनेछ।
- राजश्व प्रशासनलाई वर्तमान परिप्रेक्षमा प्रविधिमैत्री बनाउदै सुधारका कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सार्वजनिक खरिद प्रकृयालाई पारदर्शि प्रतिस्पर्धी र गुणसतरीय बनाउदै लगिनेछ।

**१६.न्यायिक समिति :**

- न्यायिक समितिलाई श्रोत साधनयूक्त बनाउदै क्षमता अभिबृद्धिको लागि आवश्यक ब्यवस्था गरिनेछ।

**१७..बिबिध :**

- नगरपालिकाबाट संचालन गरिने आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरिबेक्षण गर्न प्रभावकारी संयन्त्र निर्माण गरी योजना अनुगमन तथा सुपरिबेक्षण समितिलाई क्रियासिशल बनाई योजनाको गुणस्तर कायम गरिने छ।
- नगरपालिकाका कर्मचारीहरुको कार्यसम्पादन, कार्यवोझको अवस्था र अतिरिक्त समयको कार्यलाई मध्यनजर गर्दै प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

- छिमेकी मुलुक भारत संग सीमाना जोडिएका यस नगरपालिकाका कटुमगञ्ज, डोरिया तथा छलगाछी जस्ता स्थानमा साविकका भन्सार कार्यालयहरुलाई सेवा विस्तार सहित पुनःस्थापनाका लागि सम्बन्धित मन्त्रालयमा पहल गरिनेछ ।
- जनताका गुनासो तथा समस्याहरु पहिचान गरी समयमा नै फरछौट गर्न तथा नगरपालिका र जनता विच सधै सुमधुर सम्बन्ध कायम गर्न महिनामा एक पटक सबै वडामा नगर प्रमुख स्वयं उपस्थित भई जनतासँग अन्तरक्रिया गर्ने जनतासँग मेयर कार्यक्रम सञ्चालन गरिनेछ ।
- इलाका प्रहरी कार्यालय, प्रहरी चौकीहरु तथा सशस्त्र प्रहरी बेश क्याम्पहरुको कार्यलाई चुस्त दुरुस्त बनाउने कार्यमा नगरपालिकाले पर्याप्त ध्यान दिनेछ । शान्ति सुरक्षा कायम गर्ने तथा अपराध नियन्त्रण गर्ने कार्यमा सुरक्षा निकायलाई सहयोग गरिनेछ ।
- वकाहा खोलामा लगायत अन्य खोला र सडकहरुको DPR तयार गरिने छ ।

**उपस्थित महानुभावहरु,**

अब म चालु आ.व. ०७५/०७६ को लागि अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु । चालु आ.व. ०७५/०७६ मा आम्दानी तर्फ अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत वित्तिय समानीकरण अनुदान रु. १५ करोड ७५ लाख, सशर्त अनुदान रु. २९ करोड १५ लाख ९ हजार, संघिय सरकारबाट राजस्व बाँडफाँड बापत प्राप्त हुने अनुमानित रकम रु.१० करोड ९३ लाख ७ हजार, प्रदेश सरकारबाट राजस्व वाँडफाँडमा रु. ५२ लाख, प्रदेश सरकारबाट वित्तीय समानीकरणमा रु.४२ लाख ७ हजार, प्रदेश सरकारबाट सशर्त अनुदानमा रु. १ करोड र आ.व. २०७४/०७५को चालु तथा पूँजिगतमा मौज्दात रहन जाने र आन्तरिक श्रोत समेतको अनुमानित रु.५ करोड १३ लाख ३१ हजार ७ सय ३३ समेत गरी जम्मा रु. ६२ करोड ९० लाख ५४ हजार ७ सय ३३ प्राप्त हुने अनुमान गरिएको छ ।

अन्तमा आ.व.०७५/०७६ को नगर विकास योजना तर्जुमाको प्रक्रियामा सक्रिय सहभागिता जनाउनु हुने सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु, अमुल्य सल्लाह, सुझाव दिई आफ्नो सक्रिय सहभागिता जनाउनु हुने राजस्व परामर्श समितिका पदाधिकारीहरु,विषयगत समितिका पदाधिकारीहरु र नगरपालिकाका कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई हृदय देखिनै धन्यवाद दिन चाहान्छु ।

दयन्तदेवी चुडाल
नगर उप-प्रमुख
रतुवामाई नगरपालिका, मोरङ
मिति : २०७५/०३/१०

धन्यवाद !